# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सामाजिक परिवर्तनको महत्वपुर्ण आधार हो भने मानवीय स्रोत विकासको एक मात्र माध्यम हो । समाज निमार्ण पश्चात विविध समय, काल, परिस्थिती तथा घटना क्रमहरुले समाजलाई एक मोडवाट अर्को मोडमा, एक अवस्थावाट अर्को अवस्थामा, एक संरचना र सँस्कृति वाट अर्को संरचना र सँस्कृतिमा वदल्दै लगिरहेका हुन्छन् र अहिलेको आधुनिक विश्वमा विज्ञान प्रविधिको विकास भएको भन्नुपनि शिक्षाकै विकास हो । समाजमा रहेको सामाजिक, राजनैतिक, आर्थिक, साँस्कृतिक आदि विभेदिकरण लाई न्युनिकरण गरी वर्ग विहिन समाजको निर्माण गर्न शिक्षा एक ससक्तमाध्यमको रुपमा रहेको छ । शिक्षाका यी तमाम अपरिहार्यतालाई सामान्य सिद्धान्तमा आधारित एकै प्रकारको औपचारिक शिक्षा कार्यक्रमले समेट्न नसक्ने भएकाले विकल्प शिक्षाको रुपमा अनौपचारीक शिक्षाको अवधारणा आएको हो । यस अन्तर्गत महिला शिक्षा, साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, बाल शिक्षा साथै जिवनपर्यन्त शिक्षा संचालनमा जोड दिएको पाईन्छ ।समाजमा सिक्ने र सिकाउने प्रकृया वाउ आमा वाट छोरा छोरीहरुलाई ठुलावाट सानालाई जान्नेवाट नजान्नेलाई गर्दै निरन्तर रुपमा अघि वढ्दै गयो । यी सम्पुर्ण परिवेशलाई आधार मान्दा अनौपचारीक शिक्षा सवैभन्दा जेठो शिक्षा मानिन्छ (शर्मा एण्ड शर्मा, २०६३) ।

शिक्षा जीवन पर्यन्त चल्ने प्रकृया हो, जो कोहि व्यक्तिले जस्तो सुकै अवस्थामा पनि केहि न केहि सिकिरहेको हुन्छ । कतिकुराहरु सिकाईवाट सिकिन्छ, कतिपय आदतवाट , झुकाववाट सिकिन्छ त कति कुराहरु उत्प्रेरणा वाट सिकिन्छ यसरी हेर्दा सिक्ने संरचना र ज्ञानको स्वरुपका आधारमा शिक्षालाई वर्गिकरण गर्दा अनौपचारिक शिक्षा पनि एउटा प्रमुख पाटो हो ।

कुनै पनि संघसंस्थाहरुको आफ्नो निश्चित उद्देश्य हुन्छ। संघसस्थाको उद्देश्य अनुरुप सञ्चालन गर्नका लागि पनि व्यवस्थापनको खाँचो रहेको तथ्यलाई मध्यनजर गर्दै व्यवस्थापनको पक्षमा विभिन्न योजनाहरु आउन थालेको पाइन्छ । शैक्षिक व्यवस्थापनलाई सुदृढ एवम् प्रभावकारी बनाउन विभिन्न समयमा गठित आयोग र कार्यदलहरुको भूमिका अद्वितीय रहेको छ। जस्तै नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११), सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति (२०१८) ब्रुनो र कनालको कार्यदल (२०१९ ) र त्यस्तै राष्ट्रिय क्षिा पद्धतिको योजना २०२८) निर्वाह गरेका छन् । पौडेल (२०५९) का अनुसार शिक्षा मानव जीवनको महत्वपूर्ण पाटो हो यसले मानिसलाई एक असल एवम् कुशल व्यक्तित्व निर्माण गर्नमा सहयोग पुऱ्याउँछ । प्राचीनकाल देखि नै मानिसहरुले विभिन्न तरिकाबाट शिक्षा प्राप्त गर्दै आएका छन् । प्रारम्भमा शिक्षा हालको जस्तै व्यवस्थित र औपचारिक रुपमा विकास भएको थिएन। त्यस समयमा परिवारको मूल सदस्यबाट आफ्ना सन्ततीहरुलाई शिक्षा दिने गरिन्थ्यो । मानव सभ्यताको विकास सँगसँगै मानव समाज जटिल भन्दै गयो भने शिक्षाको आवश्यकता र महत्व पनि बढ्दै गयो। यसका लाागि विभिन्न शैक्षिक संघसंस्थाहरुको स्थापना भयो भने ती शैक्षिक संस्थाहरु सञ्चालनका लागि व्यवस्थापन पक्षको आवश्यकता महशुस हुन थाल्यो । त्यसै शिक्षण संस्थाहरुमा व्यवस्थापन समितिको गठन हुने गरेको छ, (पौडेल, २०५९)।

शिक्षा र व्यवस्थापनको पक्षलाई तुलना गरेर हेर्ने हो भने परापूर्वकालमा व्यवस्थापनका सिद्धान्तबाट संघ संस्थाहरुले प्राप्त गरेको सफलतालाई मध्य नजर गरेर नै आधुनिक कालमा पनि त्यसको वैज्ञानिक पक्षलार्य कार्यान्वयनमा ल्याएको पाइन्छ । आधुनिककालमा प्रत्यूत्पादन भएका सिद्धान्तहरुले नै प्रशासनिक कार्य सञ्चालनमा सहजता ल्याएको देखिन्छ।

कनै पनि संघ संस्थाको उद्देश्य प्राप्ति तथा सर्वाङ्गिण विकासको लागि व्यवस्थपन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्यवस्थापन भन्नाले निर्धारित उद्देश्यहरु प्राप्तिका लागि योजनाबद्ध रुपमा काम गर्ने एक कला हो । व्यवस्थापनका ऐतिहासिक पृष्ठभूमि अनुसार व्यवस्थपनलाई कुनै पनि संघ संस्थाको मेरुदण्डका रुपमा लिन सकिन्छ। जसको माध्यमबाट संघ संस्थाले निर्धारित लक्ष्य सफलताका साथ हासिल गर्न सक्दछ । इतिहासको कुरा गर्दा प्राचीन रोम र इजिप्टको विकासमा अलेक्जेण्डरको सैनिक प्रशासनमा सुमेरियन सभ्यताको इतिहासमा समेत व्यवस्थापन प्रक्रियाको प्रयोग भएको पाइन्छ । प्लेटो(२५० वि.सी) र सुकरात (४०० वि.सीं जस्ता दार्शनिकले कार्य विशिष्टीकरण र व्यवस्थापनका प्रक्रिया उल्लेख गरेका थिए । त्यसै गरी १८ औ शताब्दि देखि अध्ययन कार्यमा आएको व्यवस्थापन आधुनिक कालमा आएर विभिन्न सिद्धान्तहरुको रुपमा अगाडी बढ्नै मौका पाइएको देखिन्छ । व्यवस्थापनका सिद्धान्तहरुमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, व्यवस्थापनको प्रशासनिक सिद्धान्त कर्मचारीतन्त्र, व्यवस्थापनका सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त, व्यवहारवादी सिद्धान्त, व्यवस्थापन विज्ञान सिद्धान्त, कार्यकुशल व्यवस्थापन सिद्धान्त आदिलाई लिन सकिन्छ भने व्यवस्थापनको पिताको रुपमा एफ.डब्लु टायलर (१८५६-१९१७) लाई लिन सकिन्छ । संगठनमा कार्यरत व्यक्तिहरुसँग मिलेर कार्य गरी सन्तोषजनक सफलता प्राप्त गर्ने कला व्यवस्थापन भएको हुनाले प्रशासक, शिक्षक वा संस्था प्रमुखले आफ्नो कामको लागि धेरै व्यक्तिहरुबाट सहकारिता, सहभागिता र संलग्ना प्राप्त गर्न सक्नु पर्दछ । मानव संगठनको संगठनात्मक कार्य सम्पादनलाई बढी भन्दा बढी प्रभावकारी बनाउन व्यवस्थापनको भूमिका महत्वपूण हुन्छ । व्यवस्थापन एक त्यस्तो वातावर(ा तयार गर्ने कला हो जसमा व्यक्तिले अलग अलग पनि कार्य गर्न सक्छ सक्छ र समूहको लक्ष्य प्राप्त गर्नका लागि पनि सहयोग गर्दछ, (कोइराला र श्रेष्ठ, २०५९) ।

यसरी सामग्र रुपमा व्यवस्थापन भित्र शैक्षिक व्यवस्थापन आर्थिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, भौतिक व्यवस्थापन, मानव व्यवस्थापन विषयवस्तुहरु समावेश

भएका हुन्छन् । व्यवस्थापन भित्र यी विभिन्न वस्तुहरु समावेश हुने भएता पनि यस अध्ययनमा शैक्षिक व्यवस्थापनका विविध पक्षलाई समेट्ने प्रयास गरिएको छ ।

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरुलाई सफलतापूर्वक सञ्चालन गर्ने गराउने एउटा प्रक्रिया हो । यसभित्र शिक्षण एवम् सिकाइमा आधारित लक्ष्य तथा तिनीहरुको विकासमा सहयोग गर्ने शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको तर्जुमा, सञ्चालन र व्यवस्थापन भएको हुन्छ ।

शिक्षण सिकाइको सन्दर्भमा पनि व्यवस्थापन त्यत्तिकै महत्वपूर्ण हुन्छ । योजना, संगठन, नियुक्ति,नियन्त्रणको प्रभावकारितामा मौलिक उद्देश्य प्राप्त गर्न एक प्रक्रियाको रुपमा रहेको व्यवस्थापनलाई शैक्षिक व्यवस्थापन भनिन्छ । खासगरी शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुका प्रयासमा समाञ्जस्य स्थापित गर्नु र उपयुक्त सामग्रीहरुलाई मानवी गुणको काविकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरुको विकासमा समेत चासो राख्ने गर्दछ, (शर्मा, २०६२) ।

वर्तमान अवस्थामा गठित विद्यालय व्यवस्थापन समितिको गठन एवम् काम कर्तव्यलाई निम्नानुसार विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना : सदस्य विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य-सदस्य, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -

सदस्य, विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य, विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव, प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ । सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको व्यक्ति - अध्यक्ष, अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य, स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मनोनीत गरेको एकजना - सदस्य, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य, सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु-मध्येबाट छानी पठाएको एकजना - सदस्य, विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव, उपदफा ९१०, ९२ र ९४० बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि सतीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले

निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिएको छैन ।

उपदफा ९४० मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको वा विशेष उद्देश्यबाट सञ्चालित वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नेपाल सरकारबाट हुन आवश्यक देखिएमा शिक्षा तथा खेलकुद मन्त्रालयले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ ।

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारलाई विश्लेषण गर्दा  विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने, विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने, विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने, विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ल शिक्षा कार्यालयलाई दिने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने, जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने, जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने, जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने, आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने, शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने जस्ता काम कर्तव्य र अधिकार रहेका छन्, (स्रोत : शिक्षा नियमावली २०७२) ।

शिक्षा नियमावलीमा उल्लेख गरे अनुसार विद्यालय व्यवस्थापन समिति भन्नाले विद्यालय सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्न अभिभावकहरुको तर्फबाट छानी पठाएको एकजना अध्यक्ष, अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित ३ जना सदस्य, विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष १ जना सदस्य, स्थानिय बुद्धिजीवि वा शिक्षाप्रेमीहरुमध्ये बाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय संस्थापक वा चन्दादाताहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य, विद्यालय शिक्षकहरु मध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालयको प्राधानाध्यापक सदस्य सचिव लाई बुझिन्छ, (शिक्षा नियमावली २०५९) ।

शिक्षाको गुणस्तर विकासका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका नै अपरिहार्य रहन्छ । शिक्षा क्षेत्रको वर्तमान अवस्थालाई विश्लेषण गर्दा व्यवस्थापन समितिको गठन प्रक्रिया विगत भन्दा फरक प्रकृतिको रहेको छ । यसरी गठन गरिएको विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले विद्यालयमा विद्यार्थीको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव नामक शीर्षक चयन गरी यो अध्ययन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

गुणस्तरीय शिक्षा आर्जन गर्न पाउनु व्यक्तिको अधिकार हो । गुणस्तरिय शिक्षा विना कुनै पनि ब्यक्तिले आफ्नो उन्नति गर्न सक्दैन । गुणस्तरीय शिक्षाले नै ब्यक्तिको ब्यवहार परिवर्तन गर्ने गर्दछ । समयको गतिशिलता र परिवर्तनशिलतासँगै मानव समाजमा पनि परिवर्तन भईरहेको हुन्छ । अत समयको आवश्यकता र चाहना अनुसार शिक्षाको लक्ष्य र उद्धेश्य पनि परिवर्तनशिल हुदै जानु पर्दछ । त्यसैले ब्यक्तिलाई सहि

मार्गदर्शन प्रदान गर्न, ब्यक्तिको क्षमताहरु प्रतिभाहरु प्रष्फुटन गराउन गुणस्तरीय शिक्षाको आवश्यकता रहन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय व्यवस्थापन समितिको प्रमुख भूमिका रहन्छ । विद्यालयको सर्वाङ्गिण पक्षको विकास गरी सिकारुलाई उपयुक्त वातावरणमा शिक्षा प्रदान गर्नका लागि विद्यालय समितिको नै आवश्यक रहन्छ । यदि विद्यालय समिति नै फितलो र शैक्षिक व्यवस्थापनमा कमजोर देखिएका खण्डमा सो विद्यालयको शैक्षिक गुणस्त कमजोर हुँदै जानेकुरा निश्चित रहन्छ ।

नेपालमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया समय समयमा परिवर्तन भइ रहेको पाइन्छ । सामुदायिक विद्यालयमा विद्यालय समित गठन हुन समेत विभिन्न पार्टीगत विविधता तथा अन्यकारणहरुले ढिलासुस्ती भइरहेको तथा समस्या सृजना भइ रहेको पाइन्छ यति हुँदा हुँदै पनि वर्तमान व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव शीर्षकमा अध्ययन गर्नु प्रस्तुत शोधकार्य आफैमा समस्यामूलक रहेको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि अध्ययन अनुसन्धान गर्नुका पछाडि आ-आफ्नै प्रकारको औचित्य बोकेको हुन्छ । विद्यालय तहमा गुणस्तर विकासका लागि विद्यालय व्यवस्थापन समितिको आफ्नै महत्व रहेको छ । यस अध्ययन अनुसन्धानबाट शैक्षिक विद्यालय व्यवस्थापन समितिको वर्तमान अवस्थाको बारेमा जानकारी लिने, त्यसमा देखिने समस्याहरुको पहिचान गर्ने र देखापरेका समस्याहरु समाधान गर्न उपयुक्त सुझावहरु दिने यस अनुसन्धानको औचित्य मान्न सकिन्छ ।

शिक्षाको गुणस्तर विकासका लागि विद्यालयमा के कसरी व्यवस्थापन गर्ने ? कस्ता कस्ता विषयको लागि कस्ता कस्ता शैक्षिक सामग्री हुन्छन् ? तिनीहरुको प्रभावकारी

रुपमा कक्षाकोठामा कसरी उपयोग गर्ने ?, शिक्षकलाई के कस्ता विषयहरुमा तालिम दिनु आवश्यक छ? विषयवस्तु, शैक्षिक सामग्री, विद्यार्थी क्रियाकलाप, शिक्षक क्रियाकलाप जस्ता कुराका कसरी कक्षामा व्यवस्थित किसिमले प्रस्तुत गर्ने ? जस्ता कुरा उठाउने भएकाले विद्यालयको शैक्षिक गुणस्तर विकासमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । वि.व्य.स.को गठन गर्दा सही नेतृत्व लिनसक्ने व्यक्ति गठन हुन सकेका खण्डमा विद्यालय पनि सहि दिशा तर्फ अगाडि बढ्न सक्दछ भन्ने अभिप्रायले वर्तमान विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

विद्यालयमा अव्यवस्थित रुपमा छरिएर रहेका स्रोत साधनको कसरी व्यवस्थित रुपमा प्रयोग गर्ने वातावरण तयार पार्ने ? सरसफाई व्यवस्थापन के कसरी गर्ने, विद्यालयको भौतिक विकासमा के कस्तो सुधार गर्नु आवश्यक छ? समय अनुसार गुणस्तरीय शिक्षा प्रदान शिक्षक, अभिभावक र विद्यालय प्रशासन बीच सुमधुर सम्बन्ध कसरी कायम गर्ने भन्ने जस्ता कुराहरुको तथ्य पत्ता लगाउनका लागि अध्ययन अनुसन्धान औचित्यपूर्ण रहने छ । प्रस्तुत अध्ययनबाट व्यवस्थित ढंगबाट अध्यापन गराई विद्यार्थीहरुमा सिकाइ दिगो, स्पष्ट र व्यवहारिक बनाउन सहयोग पुग्ने छ । विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया र कस्ता व्यक्तित्वले विद्यालयमा नेतृत्व सम्हाल्न सक्षम हुन्छन् भन्ने बारेमा सम्बन्धित सरोकारवाला पक्षलाई जानकारी राख्नका लागि प्रस्तुत अध्ययन प्रभावकारी हुने छ ।

विद्यालयको उचित किसिमले व्यवस्थापन गरी प्रभावकारी ढंगबाट गुणस्तरीय शिक्षा प्रदान गर्नमा प्रस्तुत अध्ययलने थप सहयोग पुग्ने छ । विद्यालयको सञ्चालन सुरुदेखि नै राम्रोसंग गर्नसके शैक्षिक उपलब्धि पनि राम्रो हुने हुदा विद्यालय ब्यवस्थापन

समितिले नै गुणस्तरीय शिक्षा विकासको लागि कुन कुन तत्वहरुमा सुधार र व्यवस्था गर्न कस्तो रणनिति, योजना कार्यान्वयन गर्नुपर्दछ भन्ने मार्गदर्शन गर्न अध्ययन कार्यले थप सहयोग पुग्ने छ । भोलिका दिनहरुमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीका लागि पनि सन्दर्भ ग्रन्थका रुपमा काम लाग्ने छ ।

## **१.४ अध्ययनको उद्देश्य**

अध्ययनका उद्देश्यहरू निम्न छन् :

१) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव पहिचान गर्नु ।

२) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभावमा सरोकारवालाहरुको भूमिका खोजी गर्नु ।

३) विद्यालय व्यवस्थापन समितिले ल्याएका परिवर्तनहरु पत्ता लगाउनु ।

४) शैक्षिक गुणस्तरका निम्ति विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## **१.५ अनुसन्धान प्रश्नहरु**

यस अध्ययनका लागि अनुसन्धान प्रश्न निम्नानुसार रहेका छन् :

१) विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाको वर्तमान अवस्था के कस्तो रहेको छ,

२) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभावमा सारकोरवालाहरुको भूमिका के कस्तो रहेको छ ?

३) विद्यालय व्यवस्थापन समितिले ल्याएका परिवर्तनहरु के के हुन् ?

४) शैक्षिक गुणस्तरका निम्ति विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

### १.६ अध्ययनका परिसिमाहरु

विद्यालय व्यवस्थापन समिति र शैक्षिक गुणस्तरलाई नजिकबाट अध्ययन गर्दै देखिएका समस्याहरुलाई मध्य नजर गरेर प्राप्त राय, सुझाव र सल्लाह बमोजिम सामधानका उपायहरुको खोजिगरिएको छ । तर शोधकर्ताको सीमित स्रोतः समय र साधनका कारण ठूलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न  असहज रहेको हुँदा यस अध्ययन अनुसन्धानमा अध्ययनलाई उद्देश्यमुखी बनाउनका लाग तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरि व्याख्या एवम् विश्लेषण गरिएको छ ।  प्रस्तुत शोधपत्र तयारीका क्रममा चितवन जिल्ला भरतपुर महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय मध्येबाट ४ वटा विद्यालयहरुलाई आधार बनाइएको छ । जसमध्ये श्री आदिकवि भानुभक्त मा.वि., श्री मा.वि. कैलाशनगर, श्री श्रीपुर मा.वि. र श्री लक्ष्मी मा.वि. लंकुलाई उद्देश्यपूर्ण विधिका आधारमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा शिक्षक २।२ का दरले ८ जना, प्र.अ. १।१ का दरले ४ जना, अभिभावक २।२ का दरले ८ जना, वि.नि. १ जना, विद्यार्थी ५।५ का दरले २० जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउन प्र.अ., शिक्षक, वि.नि. र अभिभावकले कस्तो भूमिका खेल्नु पर्दछ भन्ने बारेमा छुट्टाछुट्टै प्रश्नावली भराई प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने अनुसन्धान प्रतिवेदन, लेखरचना, पुस्तक, पत्रपत्रिका, इमेल इन्टरनेटबाट प्रयोग हुने तथ्यलाई साहित्यको पुनरावलोकनको रुपमा प्रयोग गरी अध्यन एवम् अनुसन्धान गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई उद्देश्यमा पुऱ्याउनका लागि  वा पूर्णता प्रदान गर्नका लागि अनुसन्धान कर्ताले सो अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडिका लेखरचना, समचार, पत्रपत्रिका तथा वुद्धिजिवीहरुका भनाइलाई आधार मान्नु आवश्यक रहन्छ । यस अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने खालका समय समयमा विभिन्न लेखक, सिद्धान्तकार, अध्ययन अनुसन्धानकर्ता आदिले अध्ययन एवम् अनुसन्धानहरु प्रकाशन भएका  छन् । अतः यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखहरुको अध्ययन अपरिहार्य भएको आजभन्दा अगाडिका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको सिंहावलोकनका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि त्यस विषयसँग सम्बन्धित लेखरचना, वुद्धिजिवीहरूको भनाई, विभिन्न दस्तावेजहरूको अध्ययन गरी सम्बन्धित साहित्यको सिंहावलोकनको रूपमा निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

कास्की जिल्लाको प्राथमिक विद्यालयमा परेको प्रभाव नामक शीर्षकमा अध्ययन गरिएको लेख अनुसार विद्यार्थीको भर्नादर, अनौपचारिक शिक्षाको अवस्था, प्राथमिक शिक्षाको पहुँच, तालिमको अवस्था, योजना कार्यान्वयनका समस्याहरू सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, जि.शि.अ., वि.नि.हरू, प्रधानाध्यापकहरू र विद्यार्थीहरूको धारणा प्रतिक्रिया विश्लेषण गर्ने उद्देश्यहरू राखिएका थिए । उहाँले आफ्नो अध्ययनको प्राप्तीको रूपमा भर्ना दरमा कमी, अनौपचारिक कार्यक्रमहरूको

न्यूनता, तालिम कार्यक्रमको कमी र बजेटको कमी भएकोले कार्यक्रम कार्यान्वयनको अवस्था कमजोर रहेको पाईयो भनी उल्लेख गर्नु भएको छ । यसका लागि अनौपचारिक शिक्षाका कार्यक्रमको विस्तार गरि पहुँच बढाउने, शिशु कक्षाको अनिवार्यता गर्ने, शिक्षक, प्रधानाध्यापक र वि.व्य.स.को तालिम विस्तार गर्नु पर्ने भन्ने जस्ता कुराहरुलाई सान्दर्भिक तवरबाट उठाइएको छ, (देवकोटा, २०६०) ।

विद्यालयमा गठित विद्यालय समितिको गठन प्रक्रियाले विद्यालयको शैक्षिक प्रक्रियामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । गठन प्रक्रियामा प्रभावकारी ढंगबाट हुन सकेका विद्यालयमा सफल व्यक्तित्वले नेतृत्व लिएर कार्य गरेको र शैक्षिक प्रक्रिया पनि सुधार भएको पाइन्छ । कतिपय विद्यालयमा राजनीतिक हस्तक्षेप तथा अन्य विविध कारणले गर्दा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा ढिला सुस्ती हुनुका साथै गठन प्रक्रिया पनि नीति अनुसार हुन नसेको, गठिन विद्यालय व्यवस्थापन समितिले पनि प्रभावकारी ढंगले काम गर्न नसकिरहेको जस्ता असहजताहरु हाम्रा सामु अनगिन्ती रुपमा रहेका छन्, (पौडेल, २०७५) ।

विद्यालय व्यवस्थापन समितिको भूमिका नामक लेखमा गैरवादी तथा महङ्गो शिक्षाले छिट्टै फल्ने फुल्ने अवसर प्राप्त भएको तर सरकारी विद्यालयले दिने शिक्षा सस्तोका नाममा अति कमजोर बन्दै गइरहेको कुरालाई व्याख्या एवम् विश्लेषण गरिएको छ । सिमित ब्यक्तिबाट नाफा आर्जनको उद्धेश्यले निजि संस्थागत एवं विदेशि सम्बन्धनबाट खुलेका विद्यालयमा शिक्षाको गुणस्तर राम्रो देखिनु, निर्णय प्रकृया छिटो छरितो एवम् उचित ब्यवस्थापनले गर्दा हो भने सामुदायिक विद्यालयमा विद्यालय ब्यवस्थपान समिति रबर स्टेम्प को अवस्थामा भएको हुनाले सामुदायिक विद्यालयहरुलाई निजि तथा अन्य विदेशी सम्बन्धन प्राप्त विद्यालयहरुको स्तरमा उठाउन शिक्षा नियमावली

परिवर्तन गरी विद्यालय व्यवस्थापन समितिलाई समग्रमा शक्तिशाली बनाउनु पर्ने कुरा ब्यक्त गरिएको छ, (पौडेल २०६०) ।

विद्यालयमा व्यवस्थापन समितिको गठन प्रभावकारी हुन नसक्दा गठन भइ सकेको विद्यालय व्यवस्थापन समितिले उचित तवरले शैक्षिक व्यवस्थापन गर्न नसकेको पाइन्छ । विद्यालय व्यवस्थापन समितिमा सफल व्यक्तिको नेतृत्व रहन नसक्दा विद्यालयमा शैक्षिक सामग्री, पाठ्य सामग्री तथा सहायक सामग्रीको ब्यवस्था गर्नुपर्ने, विद्यालय भित्र प्रत्येक शिक्षक तथा कर्मचारीमा उत्तरदायि भावनाको अभाव रहेको पाईन्छ, (ढुंगाना, २०७५) ।

देशको राजनैतिक परिवर्तनसँगै नेपालको शिक्षा विकासमा महत्वपूर्ण कदमको थालनी भयो । शिक्षा विकासको लागि विविध पक्षमा सुधार गर्नका लागि वि.सं. २००९ सालमा राष्ट्रिय शिक्षा वोर्ड वि.सं. २०१० मा नेपाल राष्ट्रिय शिक्षा आयोग वि.सं. २०१८ मा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना र वि.सं. २०४८ मा राष्ट्रिय शिक्षा आयोग गठन भयो । यी आयोगहरूले शिक्षामा समय सापेक्ष सुधारका लागि विभिन्न सुझाब एवम् सिफारिसहरू गरिएको देखिन्छ । यस अनुरूप विभिन्न सुधारका प्रयासहरू गरिएका छन् विद्यालय जसमा जुनसुकै नीति र नियमहरु बने पनि विद्यालयलाई कसरी चलाउने र गुणस्तर शिक्षकका लागि के कस्ता कार्यक्रमहरुको आवश्यक रहन्छ भन्नेमा विद्यालय व्यवस्थापन समितिको भूमिका अग्रणी रहेको तथ्य प्रस्तुत गरिएको छ, (काफ्ले र अन्य,२०६०) ।

बालकेन्द्रित शिक्षाद्धारा नै प्रशस्त अनुभवहरु दिएर उसका क्षमतालाई मलजल गरिदिने काम गरी क्षमताको अधिकतम प्रयोग भयो भने गुणस्तरीय शिक्षाको बाटो समातेको हुन्छ । यस्तो तार्किकता सिर्जनशीलता विनम्रता सौन्दर्यत्मकताको उजागर गरिदिएको छ । अत व्यक्तिले आफ्नो जिवनलाई सहिमार्गमा डोऱ्याउन प्रदान गरिएको स्तरीय शिक्षा नै गुणस्तरीय शिक्षा हो । सकेसम्म धेरैको सहयोग र सहभागिता जुटाएर उद्धेश्य पुरा गर्ने कला ब्यवस्थापन हो,  राम्रो र किफायति ढङ्गले काम गराउनु, सहि ब्यक्ति सहि ठाउमा राख्नु, अधिकार र उत्तरदायित्व बाँडफाँड गर्नु, ब्यक्तिगत र सामुहिक भूमिका परिभाषित गर्नु अन्तरनिहित क्षमता र भावनाको प्रस्फुटन गराउने लगायतका कृयाकलापहरु ब्यवस्थापन समितिका विशेषताहरु हुन । ब्यवस्थापन शासन होईन र निर्णय मात्र पनि होईन यो त सामाजिक क्रियाकलाप भएको हुँदा सोही अनुसार विद्यालय व्यवस्थापन समितिले विद्यालयलाई एउटा सामाजिक संस्थाको रुपमा लिएर शैक्षिक गुणस्तरका लागि भूमिका निर्वाह गर्नु पर्ने कुरा प्रस्तुत गरिएको छ , ( सापकोटा, २०६२) ।

विद्यालय व्यवस्थापन समिति गठनको कार्य तालिकामा ढिलासुस्ती र अन्यौल ग्रस्त निर्वाचन पद्धतिले विद्यालय व्यवस्थापन समिति रिक्त रहने र नियन्त्रण वाहिर हुन सक्ने खतरा तर्फ सचेत रहि सरकारले आफ्नो कार्ययोजना सुनिश्चित गर्नु आवश्यक छ। सामुदायिक विद्यालयहरुको पुर्ण स्वामित्व स्थापित गर्न सम्बन्धित समुदाय र विद्यालय व्यवस्थापन समितिको अग्रसरता बढाउँदै जिम्मेवार, ईमान्दार र विद्यालय पुन निर्माणको लागि समेत जन परिचालन गर्न सक्षम विद्यालय व्यवस्थापन समिति बनाउने अबसरको रुपमा उपयोग गर्ने जिल्ला शिक्षा कार्यालयहरु र  महासंघ संगसंगै जान सक्नेछ, (थापा, २०७३) ।

शिक्षा एक गतिशिल प्रकृया हो, यो मानिसको जन्मदेखि सुरु भएर मृत्यु पर्यन्त चलिरहन्छ । शिक्षा एक सामाजिक प्रकृया हो । यसले समाज विकासको लागि आवश्यक पर्ने जनशक्ति तयार पार्दछ । मानिसको आधारभुत आवश्यकताको रुपमा गाँस, बास कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पर्दछन् । त्यसमा पनि सवै पक्षहरुको विकास र विस्तार गर्न शिक्षा नै आवश्यक हुन्छ । शिक्षा मानव ज्योति हो, सभ्यता र संस्कृतिको जननी हो । मानव मस्तिष्कको सचेतना एवं क्रियाशिलताको सोपान हो । एउटा जैविक प्राणी शिक्षाद्धारा ज्ञान, सीप र बुद्धियुक्त भएर ब्यक्तिगत रुपमा पूर्ण मानिस हुन्छ भने सामुहिक रुपमा एउटा सचेत र सक्षम नागरिक बन्दछ । सामाजिक आवश्यकताको परिपूर्ति शिक्षाकै माध्यमबाट हुन्छ । शिक्षाद्धारा नै समाजको लागि आवश्यक ज्ञान, सीप र प्रविधियुक्त दक्ष जनशक्ति उत्पादन हुन्छ । मानव सभ्यताको उषासंगै अनवरत र गितिशिल रुपमा रहिरहनेछ । आत्मिक, मानसिक, आध्यात्मिक, शारीरिक, वैयक्तिक एवं सामूहिक र भौतिक विज्ञान र प्रविधि सबै किसिमका मानविय क्रियाकलापको उन्नतिको मुहान नै शिक्षा हो । प्रत्येक ब्यक्ति, समाज र राष्ट्रको सर्वाङ्गिण विकासको निम्ति शिक्षा अपरिहार्य हुन्छ , (खनाल २०५७) ।

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा निम्नानुसार विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ, अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजनासदस्य विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य-सदस्य विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य  विद्यालयका शिक्षकले आफूहरुमध्येबाट

छानी पठाएको एकजना -सदस्य विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव सहितको विद्यालय व्यवस्थापन समिति रहने प्रचलन रहेको छ, (शिक्षा नियमावली, २०७४) ।

नेपालको वर्तमान शिक्षाको आवश्यकता जति फराकिलो छ त्यहि अनुरुप यसको विगत साँगुरिदै गएको छ । ईतिहास त्यस्तो अनुभव र गोरेटो हो जसलाई पछ्याउदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थामा आईपुगेको छ । यो अवस्थामा आईपुग्न यसले असंख्य बाटो छिचोल्दै कतै चिप्लदै त कतै भुल गर्दै हिड्नु परेको थियो । नेपालको विगत शिक्षाको अवसरबाट पटक्कै बञ्चित थिएन । कुनै न कुनै शिक्षा प्रणालीबाट यो मुलुक अवश्य अभिप्रेरित थियो, (वाग्ले तथा अन्य २०५७) ।

विद्यालय व्यवस्थापनमा पनि विगतका वर्षहरुमा भन्दा केही सुधार ल्याउने प्रयास भयो जसको फलस्वतरुप वि.सं. २०५८ सालको एस.एल.सी. परीक्षाको पनि ३२.२२% विद्यार्थी उत्तीर्ण हुन सफल भए । यिनै कुराहरुलाई मध्यनजर गर्दा विद्यालय व्यवस्थापनले शिक्षाको गुणस्तरमा सुधार ल्याउन सक्छ भन्ने कुराको निष्कर्ष निकाल्न सकिन्छ भन्ने तथ्य व्यक्त गर्दै विद्यालयको व्यवस्थापन पक्ष मजबूत बनाउका लागि समुदायले विद्यालय 'हाम्रो आफ्नो हो' भन्ने भावना राख्नु पर्दछ, भने विद्यालय व्यवस्थापन समितिले पनि जिम्मेवार भूमिका निर्वाह गर्नु अपरिहार्यता रहन्छ भन्ने कुराको व्याख्या एवम् विश्लेषण गर्नु भएको छ, (पौडेल, २०५९) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शिक्षा देश विकासको महत्वपूर्ण पक्ष हो । मानव संशाधन उत्पादन गरी राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान गर्दछ । शिक्षाबाट नै व्यक्ति, समाज र राष्ट्र निर्माणमा आमूल परिवर्तन आउन सक्दछ । जसले गर्दा शिक्षालाई सामाजिक परिवर्तनको संवाहकको रुपमा लिन सकिन्छ । शिक्षा विकासको हरेक पक्षमा विभिन्न व्यक्तिको

सहमती, सहभागिता, आवश्यक पर्ने वास्तकवितालाई आत्मसाथ गर्दै यो अध्ययन मानव सम्बन्ध सिद्धान्तमा अधारित रहेर अगाडि बढाइएको छ ।

प्रस्तुत अध्ययनलाई एल्टन मायो (१९५०) को मानव व्यवस्थापनको सिद्धान्तलाई आधार बनाइएको छ । मानव संशाधन उत्पादन गरी राष्ट्र निर्माणमा महत्वपूर्ण कुनैपनि संघसंस्था तथा संगठनमा काम गर्ने मानविय स्रोतको प्रभावकारी संचालन, व्यवस्थापन, परिचालनसँग सम्बन्धित विषयलाई मानव संसाधन ब्यवस्थापन भनिन्छ । संघसंस्थामा मानविय संसाधनको भूमिका महत्वपूर्ण रहन्छ (कोइराला, २०५९) । त्यसैले यस अर्थमा यहाँ मैले यो खालको आधारलिएर Gerge Elton Mayo (1880-1949) र Mery parker follet (1868-1933) द्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्त अनुसार संगठन भित्र हुने भिन्दा भिन्दै व्यवहारमा जोड दिएको छ । एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिको व्यक्तित्वसँग पारस्परिक सम्बन्ध हुने सबै सामाजिक विज्ञानहरुको अध्यापनमा जोड दिंदै उद्देश्यहरु पूर्ती गर्न एकले अर्कोलाई राम्रो रुपमा चिन्नु पर्दछ । त्यसैले मानव सम्बन्ध एउटा कला हो । सो बुझेर व्यवहार गर्नु पर्दछ । मानब सम्बन्धको घनिष्टता मानब व्यवहार तथा आचरणमा भर पर्दछ ।

व्यवस्थापनको कार्यकुशलताको आधारमा व्यवस्थापकको प्रभावकारीता निर्भर पर्दछ । व्यवस्थापन सामुहिक कार्य भएता पनि व्यवस्थापकले उच्च तहमा वसेर मध्यम स्तरीय र निम्न स्तरीय व्यवस्थापकलाई सहि रुपमा परिचालन गर्नु पर्दछ । सुमधुर सम्बन्ध, समन्वय, मूल्याङ्कन, नियन्त्रण, सफल र सवल नेतृत्वको आधारमा संगठनले निर्धारित लक्ष्यतर्फ लैजाने दायित्व व्यवस्थापकको हुन्छ । राम्रो व्यवस्थापकले सहभागितामूलक निर्णय गर्दछ । प्रजातान्त्रिक प्रक्रिया अपनाई कार्य गर्दछ । आवश्यक पर्दा जे जस्तो निर्णय गर्न परेपनि डराउँदैन । काम कर्तव्य र अधिकारको विवेकपूर्ण प्रयोग गर्दछ । सहिढंगले लेखा जोखा गर्ने परिचालन गर्ने, मूल्याङ्कन गर्ने गर्दछ (कोइराला र श्रेष्ठ २०५९) ।

विद्यालय शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्नका निम्ति वि.व्य.स., अभिभावक कुनै एक पक्षले चाहेरमात्र हुँदैन सबै पक्षको बीचमा राम्रो समन्वय र सम्बन्ध हुनु आवश्यक छ । मानव सम्बधन सम्बन्ध सिद्धान्त अनुसार विद्यालय र समुदायको बीच आपसी अन्तर सम्बन्ध राख्न सकेमा विद्यालयका अभिभावकहरुलाई सहभागीता वृद्धि हुन गयो भने विद्यालय व्यवस्थापनलाई राम्रोसँग अगाडी बढाउन सकिन्छ भन्ने मान्यता अनुसार गठन गरिएको विद्यालय व्यवस्थापन समितिले यिनै कुराहरुलई मध्यनजर गरेर विद्यालयमा, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको वर्तमान अवस्थालाई दृष्टिगत गर्दै सोही अनुसार व्यवस्थापन गर्नु पर्ने हुन्छ यसै तथ्यलई दृष्टिगत गर्दै जर्ज एल्टन मायो मानव सम्बन्ध व्यवस्थापन सम्बन्धी सिद्धान्तलाई यस अध्ययन अनुसन्धानको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

प्राविधिक विद्यालयको शैक्षिक व्यवस्थापनले शिक्षामा पारेको प्रभाव शैक्षिक व्यवस्थापन नामक शीर्षकमा अध्ययन गरिएको प्रस्तुत शोधपत्रलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि यस शोधपत्रसँग सम्बन्धित हुने खालका विभन्नि विद्वानका लेखरचना, पत्रपत्रिका, शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनको सहायताले विद्यालयको शैक्षिक व्यवस्थापनमा गुणस्तरीयता सुधार नआउनुको कारण, समुदायको दृष्टिकोण, पुस्तकालय, खेलमैदान, फर्निचरहरु बालमैत्री हुन सकेका छन् कि छैनन् भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई शोधपत्रलाई व्यवहारिक एवम् वस्तुनिष्ठ बनाउनका लागि थप सहयोग पुग्ने छ । त्यसैगरी एल्टन मायो र पार्कर फलेटको सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा मायोको मानव व्यवस्थापनको सिद्धान्तका  आधारमा तथ्य संकलन गरी सोही अनुसार व्याख्या एवम् विश्लेषण गरेर उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

यस अध्ययनलाई पुर्णता प्रदान गर्नको लागि शोधकर्ताले अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोटविधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनोटविधि अपनाइएको छ । यसैगरी यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्वितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस अध्ययनको लागि नमूना छनोटमा परेका विद्यालयहरुका शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स अध्यक्षहरुसँग छलफल तथा अन्तरक्रिया गरी तथ्य प्राप्त गर्नका लागि निम्नानुसारको अध्ययन प्रक्रियालाई अपनाइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको रहेको छ । अध्ययन कार्य गुणात्मक ढाँचाको भएकोले गुणात्मक ढाँचामा आधारित भएर विवरणात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ । कुनै अवस्था घटना, प्रक्रिया तथा समस्याको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्यिक तथ्यलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनेर भनिन्छ । यस अध्ययनमा प्रश्नावली, प्रत्यक्ष अवलोकन, लिखित दस्तावेजको माध्यमबाट वास्तविकतामा पुग्ने प्रयास गरिएको छ । विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्न र विद्यालय व्यवस्थापनले शैक्षिक गुणस्तरमा पारेको प्रभावको बारेमा जानकारी प्राप्त गर्न अध्ययन अनुसन्धान गरी प्राप्त तथ्ययाई गुणात्मक ढाँचा अनुसार विवरणात्मक शैलीलाई अपनाएर प्राप्त तथ्यको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ३.२ अध्ययनको  जनसंख्या तथा नमुना छनोट

प्रस्तुत शोधपत्र तयारीका क्रममा चितवन जिल्ला भरतपुर महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय मध्येबाट ४ वटा विद्यालयहरुलाई आधार बनाइएको छ । श्री आदिकवि भानुभक्त मा.वि., श्री मा.वि. कैलाशनगर, श्री श्रीपुर मा.वि. र श्री लक्ष्मी मा.वि. लंकुलाई उद्देश्यपूर्ण विधिका आधारमा छनोट गरिएको छ । छनोटमा परेका  ४ वटा विद्यालयका जम्मा २३१ जना शिक्षक तथा कर्मचारी, ४जना वि.व्य.स. अध्यक्ष, ४२३४ विद्यार्थी, मध्येबाट शिक्षक २।२ का दरले ८ जना, प्र.अ. १।१ का दरले ४ जना, अभिभावक २।२ का दरले ८ जना, वि.नि. १ जना, विद्यार्थी ५।५ का दरले २० जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

### ३.३ अध्ययनका साधनको निर्माण

अध्ययन कार्यलाई पुर्णरूप दिन निम्नानुसारका साधनहरूको निर्माण गरी सम्बन्धित विषय विशेषज्ञ तथा सोध निर्देशकको राय सुझाव अनुसार परीमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरू निर्माण गरी प्रयोग गरिएको छ ।

#### ३.३.१ अर्न्तवार्ता  प्रश्नावली

प्राचार्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, शिक्षकसँग अनुसूचीमा उल्लेखित १ देखि ६ सम्मका अनुसूचीहरुको आधारमा प्रत्यक्ष अन्तरवार्ताबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.४. तथ्याङ्कका स्रोतहरू

कुनैपनि विषय वा समस्याको बारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्धितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइने छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा तथ्यांक संकलन गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विद्यालयका अभिलेखहरू, पत्र-पत्रिकाहरू, अप्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., वि.नि., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरी अनुसूची दुई देखि ४ सम्मका अर्न्तवार्ता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । यो अध्ययन अनुसन्धान गुणात्मक गरी प्रकृतिको हुने भएको हुँदा खुल्ला अन्तरवार्ता प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरी द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख इ-मेल इन्टरनेटबाट सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरी अव्यवहारिक, अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरी स्पष्ट र व्यवस्थित बनाइएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विशलेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म

सन्तुलित गराउने प्रयास गरिएको छ । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## तथ्यांकको व्याख्या तथा विश्लेषण

यस अध्ययनलाई पुर्णता प्रदान गर्नको लागि अनुसन्धान ढाँचा अनुसार तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी संकलित तथ्यांकहरुलाई उद्देश्यअनुसार निम्नानसरका विभिन्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

अध्ययनका क्रममा छनोटमा परेको विद्यालय श्री आदिकवि भानुभक्त माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन के कसरी भएको थियो भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार यस विद्यालयमा परिवर्तीत नियमावली अनुसार ९ सदस्यी व्यवस्थापन समितिकोा गठन गरिएको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

जस अन्तर्गत अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य, विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष बाट १ जना सदस्य, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि- सदस्य , विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव सहितको व्यवस्थापन समितिको गठन गरिएको पाइयो । यस विद्यालयमा अभिभावक भेला गरी छानी पठाइएका ४ वटा सदस्यहरु सर्वसम्मत रुपमा अभिभावकले चयन गरेको तथ्य प्र.अ. तथा अभिभावकसँग गरिएको छलफ तथा

अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । एक जना महिला प्रतिनिधि सहित समाज सेवी बुद्धिजिवी वर्गको छनोट पनि छानीएका ४ जना अभिभावक सदस्य मध्येबाट सर्वसम्मत रुपमा छनोट गरिएको भन्ने उत्तरहरु प्राप्त भएको छ । त्यसैगरी व्यवस्थापन समितिका अध्यक्षको छनोट पनि सर्वसम्मत रुपमा नै भएको पाइयो । यस विद्यालयमा शिक्षक प्रतिनिधिको छनोट भने शिक्षकहरुबाट निर्वाचन प्रक्रियाबाट

विद्यालयमा गठित व्यवस्थापन समितिको सदस्य एवम् गठन प्रक्रिया निम्नानुसार रहेको छ :

**तालिका १**
**श्री आदिकवि भानुभक्त माध्यमिक विद्यालय, नारायणगढको वर्तमान विद्यालय व्यवस्थापन समिति**

| नाम | पद |
|---|---|
| श्री बद्रि अधिकारी | अध्यक्ष |
| श्री अनक थापा मगर | सदस्य |
| श्री कृष्ण प्र. आचार्य | सदस्य |
| श्री प्रमिला लामिछाने | सदस्य |
| श्री गीता सेढाई | सदस्य |
| श्री रजनी सारु मगर | सदस्य |
| श्री ऋषिराम कोइराला | शिक्षक प्रतिनिधि |
| श्री जयराम श्रेष्ठ (वडा अध्यक्ष) | सदस्य |
| श्री विष्णु प्रसाद सापकोटा | सदस्य सचिव |

*स्रोत : विद्यालय रेकर्ड २०७६*

छनोटमा परेको विद्यालय श्री लक्ष्मी माध्यमिक लंकुमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया के कसरी भएको थियो भनी गरिएको छलफल अन्तरक्रिया एवम् अवलोकनबाट प्राप्त तथ्य अनुसार यस विद्यालयमा पनि वर्तमान शिक्षा नियमावली अनुसार अभिभावक भेला गरी छानी पठाइएका ४ वटा सदस्यहरु सर्वसम्मत रुपमा अभिभावकले चयन गरेको तथ्य प्र.अ. तथा अभिभावकसँग गरिएको छलफ तथा

अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ। एक जना महिला प्रतिनिधि सहित समाज सेवी बुद्धिजिवी वर्गको छनोट पनि छानीएका ४ जना अभिभावक सदस्य मध्येबाट सर्वसम्मत रुपमा छनोट गरिएको भन्ने उत्तरहरु प्राप्त भएको छ । त्यसैगरी व्यवस्थापन समितिका अध्यक्षको छनोट पनि सर्वसम्मत रुपमा नै भएको पाइयो । विद्यालयको शिक्षक प्रतिनिधिको गठन प्रक्रिया पनि विद्यालयमा स्टाफ बैठकबाट सर्वसम्मत रुपमा नै समिति गठन भएको तथ्य विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको छ । विद्यालयमा व्यवस्थापन समितिको गठन गर्दा विभिन्न राजनीतिक विचारधारा, अभिभावकको धारणा, बुद्धिजिवीवर्गहरुले छलफल तथा अन्तरक्रियामा उपस्थित नभइदिने जस्ता विविध पक्षले गर्दा गठन प्रक्रियमा केही मात्रामा समस्या रहे पनि अभिावक भेला बोलाएर समिति गठन कार्यक्रम सञ्चालन गर्दा सहज ढंगबाट नै सम्पन्न भएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ। यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा निर्वाचन प्रक्रियालाई अवलम्बन गर्नु नपरेको भन्ने तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा गठित व्यवस्थापन समितिको सदस्य एवम् गठन प्रक्रिया निम्नानुसार रहेको छ :

**तालिका २**

**श्री लक्ष्मी मा.वि. लंकूको वर्तमान विद्यालय व्यवस्थापन समिति**

| **नाम** | **पद** |
|---|---|
| श्री उपेन्द्र सापकोटा | अध्यक्ष |
| श्री मिना खरेल | सदस्य |
| श्री कौशिला कंडेल | सदस्य |
| श्री चेदु नाथ सुवेदी | सदस्य |
| श्री माया कुमाल | सदस्य |
| श्री देवराज पण्डित | सदस्य |
| श्री हरि प्रपन्न शर्मा | शिक्षक प्रतिनिधि |
| श्री हरि प्रसाद आचार्य (वडा अध्यक्ष) | सदस्य |
| श्री रेशम बाबु सेढाई (प्र.अ.) | सदस्य सचिव |

*स्रोत : विद्यालय रेकर्ड २०७६*

छनोटमा परेको विद्यालय श्री कैलाशनगर मा.वि.मा पनि वर्तमान शिक्षा नियमावली अनुसार अभिभावक भेला गरी छानी पठाइएका ४ वटा सदस्यहरु सर्वसम्मत रुपमा अभिभावकले चयन गरेको तथ्य प्र.अ. तथा अभिभावकसँग गरिएको छलफ तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । एक जना महिला प्रतिनिधि सहित समाज सेवी बुद्धिजिवी वर्गको छनोट पनि छानीएका ४ जना अभिभावक सदस्य मध्येबाट सर्वसम्मत रुपमा छनोट गरिएको भन्ने उत्तरहरु प्राप्त भएको छ । त्यसैगरी व्यवस्थापन समितिका अध्यक्षको छनोट पनि सर्वसम्मत रुपमा नै भएको पाइयो । विद्यालयको शिक्षक प्रतिनिधिको गठन प्रक्रिया पनि विद्यालयमा स्टाफ बैठकबाट सर्वसम्मत रुपमा नै समिति गठन भएको तथ्य विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको छ । यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा निर्वाचन प्रक्रियालाई अवलम्बन गर्नु नपरेको भन्ने तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा गठित व्यवस्थापन समितिको सदस्य एवम् गठन प्रक्रिया निम्नानुसार रहेको छ :

**तालिका ३**

**कैलाशनगर माध्यमिक विद्यालयको वर्तमान विद्यालय व्यवस्थापन समिति**

| नाम | पद |
| --- | --- |
| श्री बैकुण्ठ राज पौडेल | अध्यक्ष |
| श्री मुना श्रेष्ठ | सदस्य |
| श्री शारदा परियार | सदस्य |
| श्री अञ्जली राना मगर | सदस्य |
| श्री मदन राना मगर | सदस्य |
| श्री धन बहादुर परियार | सदस्य |
| श्री हिरामणि सापकोटा | शिक्षक प्रतिनिधि |
| श्री पदमपाणी सुवेदी (वडा अध्यक्ष) | सदस्य |
| श्री रामजी प्रसाद अधिकारी | सदस्य सचिव |

***स्रोत : विद्यालय रेकर्ड २०७६***

छनोटमा परेको विद्यालय श्री श्रीपुर माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया के कसरी भएको छ भनी विद्यालयका शिक्षकसँग गरिएको

प्रश्नावली एवम् छलफल अन्तरक्रियाबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा व्यवस्थापन समितिको गठन शिक्षा नियमावली अनुसार नै भएको तथ्य प्राप्त भएको । यस विद्यालयमा व्यवस्थापन समितिको गठन गर्दा सर्वसम्मत रुपबाट नै गठन गरिएको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

**तालिका ४**

**श्रीपुर माध्यमिक विद्यालयको वर्तमान विद्यालय व्यवस्थापन समिति**

| नाम | पद |
|---|---|
| श्री ऋषिराम पौडेल | अध्यक्ष |
| श्री कर्ण बहादुर सुवेदी | सदस्य |
| श्री रामकुमार कुर्मी | सदस्य |
| श्री शारदा वराल अधिकारी | सदस्य |
| श्री जमुना सिग्देल | सदस्य |
| **श्री दीलमाया ढुंगाना** | सदस्य |
| श्री डिल्लीराम डोटेल | शिक्षक प्रतिनिधि |
| श्री शम्भु बहादुर अधिकारी | सदस्य |
| श्री रामनाथ पौडेल | सदस्य सचिव |

*स्रोत : विद्यालय रेकर्ड २०७६*

### ४.१.१ विद्यालय व्यवस्थापन समितिको गठनमा छलफल अन्तरक्रिया एवम् अभिभाावक भेलाको अवस्था

विद्यालयमा नयाँ शिक्षा नियमावली विद्यालय समितिको गठन गर्दा छलफल अन्तरक्रियात्मक कार्यक्रम के कस्तो रहेको थियो, अभिभावकलाई के कसरी भेला जम्मा गर्नु भएको थियो, स्थानीय शिक्षा प्रेमी बुद्धिजिवीलाई के कसरी छलफल तथा अन्तरक्रियामा समावेश गराइएको थियो भन्ने सन्दर्भमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर विद्यालय प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार व्यवस्थापन समितिको गठन के कसरी गर्ने अभिभावक भेला के कसरी गर्ने भन्ने जस्ता कुराहरुमा विद्यालय वरपर रहेका बुद्धिजिवी, चन्दा दतालाई भेला जम्मा गराई उहाँहरुको राय सल्लाह बुझ्ने कार्य गरिएको भन्ने उत्तरहरु अध्ययनका क्रममा

छनोटमा परेका २ वटा विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी अभिभावक भेलाका लागि चिठिकाटेर बैठकमा बोलाइएको र उहाँहरुसँग छलफल तथा

अन्तरक्रिया पश्चात सबैलाई पायक पर्ने दिन तोकेर विद्यालय व्यवस्थापन समितिको गठन गर्ने अनौपचारिक निर्णय गरी सोही अनुसार भेलाभएको अभिभावक भेला मार्फत स्थानी बुद्धिजिी, चन्दा दाता महानुभावबाट १ महिला सहित २ जना, अभिभावक मध्येबाट ४ जना, वडा अध्यक्ष १ जना, प्र.अ. १ जना सहित ८ सदस्यी समिति गठन भएको र शिक्षकहरुको स्टाफ मिटिंग तथा, शिक्षक निर्वाचनको प्रक्रियाबाट सबै विद्यालयले १ जना शिक्षक प्रतिनिधिको छनोट गरी ९ सदस्यीय व्यवस्थापन समितिको गठन गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

विद्यालय व्यवस्थापन समिति भनेको विद्यालय सञ्चालनको प्रमुख मेरुदण्डका रुपमा लिन सकिन्छ । विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया प्रभावकारी हुन सक्यो र सफल व्यक्तित्वले नेतृत्व लिन सकेका खण्डमा विद्यालयको शैक्षिक उपलब्धिमा समेत सहयोग पुग्न सक्दछ । विद्यालयको भौतिक, शैक्षिक गुणस्तर के कस्तो हुन्छ भन्ने कुरा विद्यालय व्यवस्थापन समितिमा नै निर्भर हुने हुनोल छनोटमा परेका विद्यालयमा व्यवस्थापन समितिको गठन प्रक्रियाले के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रिया गर्नुका साथै विद्यालयमा विद्यार्थीको शैक्षिक सुधारका लागि कुन कुन पक्षमा विद्यालय व्यवस्थापन समितिको भूमिका रहेको छ त भन्ने तथ्य पत्तालगाउने उद्देश्यले अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल एवम् अनुसन्धान अनुसार प्राप्त तथ्यहरुलाई निम्नानुसार व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१.२ भौतिक व्यवस्थापनमा सुधार

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि गुणस्तरीय शिक्षा विकासमा विद्यालयको भौतिक व्यवस्थापनले अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयको शैक्षिक विकासका लागि सर्वोत्तम पूर्वाधार भनेको नै भौतिक सुविधा हो । विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, शौचालय, फर्निचर, आदि जस्ता कुराहरुको राम्रोसँग व्यवस्थापन मिलाइएको खण्डमा मात्र शिक्षक र विद्यार्थीलाई अध्ययन अध्यापन कार्यमा रुचि जाग्ने हुँदा विद्यालयको भौतिक व्यवस्थापनलाई प्रमुख रुपमा व्यवस्थापन गर्नु पर्ने देखिन्छ । नेपालको शिक्षा ऐनकै कुरा गर्दा पनि प्रति विद्यार्थीकालागि कम्तीमा १ वर्गमिटर भएको पक्कि भवन हुनुपर्ने र उनीहरुका लागि प्रयाप्त कक्षाको शिक्षक तथा विद्यार्थीहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्थाहुनु पर्ने, कोठाको उअचाई कम्तीमा ९ फिट र भुई कोठाको सतह जमिन सतह भन्दा अग्लो, प्रयाप्त मात्रामा खेलमैदनको व्यवस्था भएको, विद्यार्थी बसेर प्रयोग गर्न सक्ने प्रयोगशाला, स्वस्थकर खानेपानी, विद्यालयमा पर्खालको व्यवस्थाभएको र विद्यार्थीहरुले अध्ययन गर्नका लागि प्रयाप्तमात्रामा शैक्षिक सामग्रीको व्यवस्थाभएको विद्यालयलाई नै भौतिक सुविधासम्पन्न विद्यालय भन्न सकिने कुराको उल्लेख गरिएको छ । (शिक्षा ऐन २०२८) ।

यसरी छनोटमा परेका अध्ययनस्थलरुमा नव गठित विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक व्यवस्थापनमा के कस्तो भूमिका निर्वाह गरेको छ त भन्ने उद्देश्यलाई केन्द्रित गरी अध्ययन एवम् अनुसन्धान गर्दा छनोटमा परेको विद्यालय श्री आदिकवि भानुभक्त मा.वि.मा आफ्नै २ तलको पक्की भवन रहेको, चारैतर्फ पर्खाल गरिएको, आफ्नै १० कठ्ठा जग्गा मध्ये  करिब ७ कठ्ठा जती भू-भाग विद्यालय भवनले ओगटेको पाइयो । वर्तमान व्यवस्थापन समितिले विद्यार्थीहरुलाई स्वस्थ्यकर

बनाइराख्नका लागि विद्यालय व्यवस्थापन समितिले सरसफाइ र स्वास्थ्यमा पनि त्यत्तिकै ध्यान दिएको पाइयो । कार्यक्रम सञ्चालन गर्नका लागि छुटै हलको समेत व्यवस्था गरेको तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ । जीर्ण अवस्थामा रहेको भवनलाई मर्मत सम्हार गर्नुका साथै विद्यालयको ग्राण्उडमा मोज्याक टाइलको व्यवस्था गरी विद्यालयलाई धुलो र हिलोबाबट समेत मुक्त गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । यस विद्यालयमा विद्यालयको पुस्तकालय, इमेल इन्टरनेटको उचित व्यवस्थापन, इलेक्टिक हाजिरी, प्र.अ., स.प्र.अ.का लागि भिन्दा भिन्दै कार्य कक्षा, अभिभावक तथा बाहिरबाट आउने अतिथिलाई वर्गलाई शिक्षक तथा प्र.अ.लाई भेट्नका लागि कुरेर बस्ने ठाउँ जस्ता थुप्रै भौतिकि पक्षमा प्रभावकारी ढंगले व्यवस्थापन गरेको पाइयो । विद्यालयको समग्र भौतिक व्यवस्थापनलाई हेर्दा वर्तमान गठित व्यवस्थापन समितिले प्रभावकारी ढंगले व्यवस्थापन गर्दै आएको भन्ने उत्तरहरु प्र.अ. तथा शिक्षकबाट जानकारी प्राप्त भएको थियो ।

अध्ययन तथा अनुसन्धानकै क्रममा छनोटमा परेको अध्ययन स्थल श्री लक्ष्मी मा.वि.मा वर्तमान गठित विद्यालय व्यवस्थापन समितिले भौतिकि व्यवस्थापनमा के कस्तो भूमिका निर्वाह गर्दै आएको छ । भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार समय सापेक्ष आवश्यक पर्ने भौतिक व्यवस्थापनमा सुधार गरिए पनि खासै सुधार हुन सकिरहेको छैन भन्ने उत्तरहरु विद्यालय शिक्षक तथा विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । छलफल तथा अनुसन्धानकै क्रममा अध्ययनका लागि छनोटमा परेको विद्यालय श्री कैलाशनगर मा.वि.मा पनि विद्यालयलाई रंगरोगन गर्ने, कक्षाकोठाको व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्थापनमा वर्तमान व्यवस्थापन समितिले सुधार गरेको भए पनि प्रभावकारी हुन सकिरहेको छैन भन्ने उत्तरहरु प्राप्त भएको छ । अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेको विद्यालय श्री श्रीपुर मा.वि.मा

विद्यालयको भौतिक अवस्थालाई विश्लेषण गर्दा विगतको जस्तो नै रहेको र भौतिक व्यवस्थापनमा खासै सुधार हुन नसकेको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका ४ वटै विद्यालयमा विद्यालयको भौतिक सुधारको अवस्थालाई हेर्दा श्री आदिकवि भानुभक्त मा.विमा विगतको तुलनामा प्रभावकारी ढंगले भौतिक व्यवस्थापन भएको तथ्य प्राप्त भएको छ भने अरु ३ वटा विद्यालयमा भौतिक व्यवस्थापनलाई प्रभावकारी ढंगले सुधार गर्न नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.१.३ बालबालिकाको सैद्धान्तिक प्रयोगात्मक ज्ञानमा सुधार

वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले विद्यालयको शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेका छ भन्ने सन्दर्भमा गरिएको अध्ययन अनुसन्धान अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सुधार भएको भन्नेमा ४ वटै विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकबाट जानकारी प्राप्त भएको छ । वर्तमान विद्यालय व्यवस्थापन समितिले विद्यालयमा के कसरी अध्यापन हुँदै आएको छ । विद्यालयमा शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहार प्रभावकारी भएको छ कि छैन, शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी छ कि छैन भन्ने जस्ता कुराहरुमा विशेष ख्याल राख्नुका साथै शिक्षक सरुवा तथा निजीस्रोतबाट शिक्षक नियुक्ति गर्ने क्रममा पनि राम्रा शिक्षकलाई नै प्राथमिकता दिदै आएको जसले गर्दा बालबालिकाको सैद्धान्तिक एवम् प्रयोगात्मक सुधारमा थप सहयोग पुगेको भन्ने उत्तरहरु प्राप्त भएको छ । समय समयमा अभिभावक, विद्यार्थी तथा शिक्षक बिचको संयुक्त भेला गराई समस्या पहिचान गर्ने कार्य समेत वर्तमान व्यवस्थापन समितिले गर्दै आएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालय मध्येमा २ वटा विद्यालयबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.४ शैक्षिक उपलब्धिका लागि शिक्षक, विद्यार्थी र प्रशासन बिच सुमधुर सम्बन्ध कायम

विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले विद्यालयको शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा अध्ययन तथा अनुसन्धान गर्ने क्रममा शैक्षिक उपलब्धिका लागि शिक्षक, विद्यार्थी तथा विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध कायम हुने सकेको छ कि छैन भन्ने बारेमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार छनोटमा परेका विद्यालयहरुमा  बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि समय समयमा छलपल तथा अन्तरक्रिया गर्नुका साथै शिक्षक विद्यार्थी तथा अभिभावकहरुलाई भेला गराई उनीहरुका समस्याहरुको पहिचान गर्ने कार्यबाट शिक्षक, विद्यार्थी अभिभावक बिचमा सुमधुर सम्बन्ध कायम भएको तथ्य प्राप्त भएको छ ।

मेरी पार्कर फलेटको मानव व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्यको पहिलो उद्देश्यलाई विश्लेषण गर्दा वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले विद्यालयको शैक्षिक गुणस्तरमा सुधार भएको तथ्य प्राप्त भएको छ । त्यसैगरी विद्यालयमा विद्यालयमा शिक्षक विद्यार्थी तथा अभिभावक बिचमा छलफल तथा अन्तरक्रियाको माध्यमबाट शैक्षिक गुणस्तर सुधारका लागि  के कस्ता समस्याहरु रहेका छन्, शिक्षकले के कसरी अध्यापन गर्नु आवश्यक छ भन्ने बारेमा तथ्य पहिचान गर्दा शिक्षकहरुमा पनि काम प्रति उत्प्रेरणा जागरुक भई शैक्षिक गुणस्तर सुधार भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा विद्यार्थीलाई घोकाउने र कण्ठ गराउने तवरबाट नभई उनीहरुका भावना अनुसार अध्यापन गर्न आवश्यक छ भन्ने तर्फ वर्तमान विद्यालय व्यवस्थापन समिति प्रयासरत रहेको भन्ने उत्तरहरु छनोटमा परेका ३ वटा विद्यालयका प्र.अ.बाट जानकारी

प्राप्त भएको थियो । अध्ययनका क्रममा प्राप्त तथ्यका आधारमा सिद्धान्तलाई तुलना गर्दा प्रस्तुत शोधकार्यको दोस्रो उद्देश्य सिद्धान्तसँग मिल्दो जुल्दो रहेको छ ।

## ४.२ विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभावमा सरोकारवालाहरुको भूमिका

विद्यालयमा व्यवस्थापन समितिको गठन प्रक्रियाका बारेमा गरिएको अध्ययन तथा अनुसन्धानका क्रममा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभावमा सम्बन्धित सारोकारवाला पक्षहरुको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, प्र.अ., विद्यार्थीसँग छलफल तथा अन्तरक्रिया गरिएको छ । जसबाट प्राप्त तथ्य अनुसार निम्नानुसारका उपशीर्षका विश्लेषण गरिएको छ :

### ४.२.१ शिक्षकको भूमिका

विद्यालयमा विद्यालय व्यवस्थापन गठन भइ सकेपछि उक्त गठित विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेको छ र शैक्षिक गुणस्तरको प्रभावमा सम्बन्धित सारोकारवालाको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार गठित विद्यालय व्यवस्थापन समितिलाई के कसरी शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ भन्ने सन्दर्भमा विद्यालयका शिक्षकहरुले राय सल्लाह सुझावहरु प्रस्तुत गर्दै आएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्न सकिएका खण्डमा शैक्षिक गुणस्तर थप प्रभावकारी बनाउन सकिन्छ भन्ने सन्दर्भमा पनि विद्यालयका शिक्षकहरुले आफूहरुलाई सहयोग गर्दै आएको भन्ने उत्तरुहरु अध्ययनका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाटा जनकारी प्राप्त भएको छ ।

### ४.२.१ अभिभावकको भूमिका

गठित विद्यालय व्यवस्थापन समितिले के कसरी काम गर्ने र के कसरी काम गर्दा थप प्रभावकारी हुन्छ भन्ने सन्दर्भमा केही सचेत अभिभावकहरु विद्यालयमा उपस्थित भएर विद्यालय व्यवस्थापन समितिलाई सल्लाह तथा सुझावहरु प्रदान गर्ने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा विद्यालय व्यवस्थपन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको छ । आफूहरुलाई विद्यालय के कसरी चलाउने भन्ने जानकारी नभए पनि समय समयमा विद्यालयमा उपस्थित भएर व्यवस्थापन समितिको निर्णयमा सहयोग गर्दै आएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा अभिभावकबाट जानकारी प्राप्त भएको छ ।

### ४.२.३ शिक्षक प्रतिनिधिको भूमिका

शिक्षक प्रतिनिधिलाई विद्यालय व्यवस्थापन समितिको एक सदस्यका रुपमा लिइन्छ । हरेक विद्यालय व्यवस्थापन समितिमा एक जना शिक्षक प्रतिनिधि अनिवार्य रुपमा हुने गर्दछन् । विद्यालय व्यवस्थापन समितिको सम्बन्धित सरोकारवाला मध्येमा रहेका शिक्षक प्रतिनिधिको रुपमा रहेका शिक्षक प्रतिनिधिले शैक्षिक गुणस्तर लागि के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार

### ४.२.४ प्रधानाध्यापकको भूमिका

प्र.अ.लाई विद्यालयको मेरुदण्डको रुपमा लिइन्छ । विद्यालयको शैक्षिक, आर्थिक, भौतिक तथा अन्य गतिविधिलाई के कसरी सञ्चालन गर्ने भन्ने जिम्मा प्रधानाध्यापकको नै रहेको हुन्छ । अध्ययनका लागि छनोटमा परेका विद्यालयमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालयका प्र.अ.ले विद्यालय व्यवस्थापन समितिलाई के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विद्यालयमा हुने सम्पूर्ण आर्थिक, शैक्षिक,

भौतिकि जस्ता विविध पक्षमा विद्यालय व्यवस्थापन समितिलतार्य जानकारी प्रदान गर्दै आएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यालयको शिक्षक सरुवा, नीजि स्रोतबाट शिक्षक छनोट जस्ता विविध पक्षहरुमा प्र.अ.ले विद्यालय व्यवस्थापन सतिलाई सहयोग गर्दै आएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

मेरी पार्कर फलेटर मायोको मानव व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधकार्यमा शोधकार्यको दोस्रो उद्यश्यलाई विश्लेषण गर्दा उद्यस्य अनुसार मिल्दो जुल्दो नै रहेको छ । विद्यालयमा विद्यालयका शिक्षक, प्र.अ., शिक्षक प्रतिनिधिले विद्यालय व्यवस्थपन समितिको गठन भइसकेपछि सो समितिलाई सहयोग गर्दै आएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यालयमा शिक्षक प्रतिनिधि तथा विद्यालय प्र.अ.को भूमिका थप प्रभावकारी हुनु आवश्यक रहेको तथ्य समेत अध्ययनबाट प्राप्त तथ्य र सिद्दान्त अनुसार उश्यलाई विश्लेषण गर्ने क्रममा प्रस्तुत गरिएको छ ।

### ४.३ विद्यालय व्यवस्थापन समितिले ल्याएका परिवर्तनहरु

छनोटमा परेका विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइ सकेपछि के कस्ता परिवर्तनहरु भएका छन् भन्ने सन्दर्भमा विद्यालयमा अनुसन्धानकर्ता स्वयं उपस्थित भएर अध्ययन अनुसन्धान गर्नुका साथै प्र.अ. तथा लेखापालको सहयोगमा प्राप्त रेकर्ड हरुको समेत अध्ययन गरिएको थियो भने शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अनुसूचीका आधारमा गरिएको अन्तरवार्ता प्रश्नवालीका आधारमा प्राप्त तथ्यलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.३.१ शैक्षिक अवस्थामा आएको परिवर्तन

विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइसकेपछि विद्यालयको शैक्षिक अवस्थामा के कस्तो परिवर्तन आएको छ, विगतको भन्दा शैक्षिक वातावरण प्रभावकारी रहेको छ कि छैन भन्ने जस्ता कुराको तथ्य प्राप्त गर्नका लागि अध्ययनका लागि छनोटमा परेका विद्यालयहरुमा छुट्टा छुट्टै रुपमा तथ्य संकलन गरिएको थियो । अध्ययनका लागि छनोटमा परेको विद्यालय श्री आदिकवि भानुभक्त मा.वि.मा विद्यालय व्यवस्थापन समितिको गठन पश्चात शैक्षिक वातावरणमा तीव्र सुधार भएको तथ्य प्राप्त भएको छ । विद्यालयमा सि.सि. क्यामरा जडान गरी विद्यालयमा भएका रेकर्डहरु जानकारी प्राप्त हुने व्यवस्था मिलाइएको छ भने शिक्षकको नियमितताका लागि विद्यतुतीय हाँजिरीको व्यवस्था समेत गरिएको छ । त्यसैगरी विगतको तुलनमा शैक्षिक सामग्री, विद्यालयको विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब जस्ता विविध पक्षमा सुधार आएको तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

अध्ययनका लागि छनोटमा परेको विद्यालय श्री लक्ष्मी मा.वि. लंकुमा पनि नयाँ विद्यालय व्यवस्थापन समितिको गठन पछि केही मात्रामा भए पनि शैक्षिक वातावरणमा परिवर्तन आएको भन्ने उत्तहरु प्राप्त भएको छ । विद्यालयमा शैक्षिक सामग्रीहरुको प्रयोग तथा व्यवस्थापन सम्बन्धमा नयाँ व्यवस्थापन समितिको गठन पश्चात सुधार भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा कम्प्युटर व्यवस्थापन तथा प्रयोगशालाको व्यवस्थापनमा समेत क्रमिक रुपमा सुधार भएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । त्यसैगरी छनोटमा परेका कैलाशनगर मा.वि. र श्रीपुर मा.वि.मा व्यवस्थापन समितिको गठन पश्चात शैक्षिक अवस्थामा खासै परिवर्तन नभएको र पहिलाकै जसरी नै  शैक्षिक गतिविधिहरु चल्दै गएको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्रापत भएको छ ।

### ४.३.२ भौतिक अवस्थामा आएको परिवर्तन

विद्यालयमा वर्तमान ढाँचा अनुसार व्यवस्थापन समितिको गठन भएपछि विद्यालयको भौतिक अवस्थामा के कस्ता परिवर्तनहरु आएका छन् भन्ने सन्दर्भमा विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, शिषक, विद्यार्थी, प्र.अ. सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार छनोटमा परेको विद्यालय श्री लक्ष्मी मा.वि. लंकूमा विद्यालय भवनका लागि कोठाहरु थप भएको, विद्यालयका लागि आवश्यक डेक्स बेन्चहरु मर्मत संहार गर्नुका साथै नयाँ डेक्स बेन्चको समेत थप गरिएको पाइयो । त्यसैगरी छनोटमा परेको विद्यालय श्री कैलाशनगर मा.वि. र श्री श्रीपुर मा.वि.मा पनि नयाँ व्यवस्थापन समितिको गठन भइसकेपछि विद्यालयको रंगरोगन, डेक्स बेन्च मर्मत जस्ता क्रियाकलाप भएको पाइयो । त्यसैगरी छनोटमा परेको अर्को विद्यालय श्री आदिकवि भानुभक्त मा.वि.मा विद्यालय व्यवस्थापन समितको गठन भइ सकेपछि के कस्ता भौतिक परिवर्तन भएका छन् भनी गरिएको अध्ययन अनुसन्धान अनुसार यस विद्यालयमा अन्य विद्यालयको तुलनामा धेरै नै भौतिक सुधार भएको पाइयो । विद्यालयमा रंरोगन, मोज्याक टाइल, अभिभावकहरुले शिक्षक प्र.अ.लाई भेट्न आउँदा बस्ने ठाउँ, गेटपाले बस्ने ठाउँ, कार्यक्रम सञ्चालनका लागि सभाहल, डेक्स बेन्च जस्ता विविध भौतिक पक्षमा सुधार आएको तथ्य प्राप्त भएको छ ।

मेरी पार्कर फलेट र एल्टन मायोको मानव व्यवस्थापको सिद्धान्तलाई आधार मानेर तयार पार्न लागिको प्रस्तुत अध्ययन कार्यको तोस्रो उद्देश्यलाई विश्लेषण गर्दा मायो मानव व्यवस्थापन जसरी विद्यालयको भौतिक, आर्थिक तथा शैक्षिक सुधारमा व्यवस्थापन समिति लागि परेको पाइयो । छनोमा परेका चारवटै विद्यालयमा विगतको तुलनमा शैक्षिक तथा भौतिक अवस्थामा सकरात्मक परिवर्तन भएको पाइयो ।

### ४.३ शैक्षिक गुणस्तरका निम्ति विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउने उपायहरु

विद्यालयमा व्यवस्थापन समितिको गठन प्रक्रियामा के कस्ता समस्याहरु रहेका थिए, भोलिका दिनमा के कसरी गठन गर्न सकेका खण्डमा थप प्रभावकारी हुन सक्दछ भन्ने सन्दर्भमा विद्यालयका शिक्षक, अभिभावक विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष स्वयंमका लागि छुट्टा छुट्टै अन्तरवार्ता प्रशवली भरााई तथ्य संकलन गरिएको थियो जसबाट प्राप्त तथ्यलाई निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ :

#### ४.३.१ प्रभावकारी रुपमा छलफल तथा अन्तरक्रिया हुनु पर्ने

विद्यालयमा व्यवस्थापन समितिको गठन गर्ने क्रममा के कसरी छलफल तथा अन्तरक्रिया गर्ने गर्नु भएको थियो । अभिभावक भेला गराउन भन्दा अघि विद्यालय वरपर रहेका बुद्धिजिवी, समाजसेवी तथा अभिभावकहरु बिचमा छुट्टा छुट्टै बैठक हुन सक्यो या सकेन, अभिभावकहरुलाई खवर पुग्यो या पुगेन भन्ने जस्ता कुराहरुमा विश्लेषण गर्दा ४ वटै विद्यालयले छलफल तथा अन्तरक्रियाका लागि समाजका विद्धत वर्ग तथा अभिभावकलाई बोलाएको भए पनि उहाँहरुको कार्यव्यस्तताका कारण ५० प्रतिशत अभिभावक पनि विद्यालयमा उपस्थित नभएको भन्ने उत्तरहरु प्राप्त भएको थियो  उपस्थित भएका व्यक्तित्वले पनि विद्यालय व्यवस्थापन समितिको गठन गर्ने जिम्मा भनेको त प्र.अ.को नै त हो नि प्र.अ.ले जो जसलाई राख्न मन लाग्छ सोही अनुसार गरे हुन्छ भन्ने उत्तरहरु समेत प्रप्त भएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको थियो । यसरी भोलिका दिनमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाएर विद्यालय व्यवस्थापन समितिमा नेतृत्व लिनसक्ने व्यक्तिलाई प्रवेश गराउनका लागि छलफल तथा अन्तरक्रियालाई प्रभावकारी बनाउन

आवश्यक रहेको तथ्य ४ वटै विद्यालयका प्र.अ. तथा शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.२ सक्षम व्यक्तिलाई प्रथमिकता दिनु पर्ने

विद्यालयमा व्यवस्थापन समितिको गठन गर्ने क्रममा के कसरी गठन भएको छ भनी विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थीहरुसँग गरिएको छलफल तथा अनुसूचीका आधारमा प्राप्त तथ्यका आधारमा विद्यालयमा विभिन्न राजनीतिक विचारधारा, नातावाद जस्ता पक्षहरुले प्रभाव पारेको भन्ने उत्तरहरु अध्ययनका क्रममा ३ वटा विद्यालयबाट जानकारी प्राप्त भएको थियो । विद्यालय व्यवस्थापन समितिजस्ता समिति चयन गर्दा राम्रो मान्छेलाई प्रसय दिन नसकिरहेको भन्ने धारणाहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । स्थानीय बुद्धिजीवीहरुलाई छलफलमा बोलाउँदा नआइदिने, आएर पनि आफ्नो व्यस्ताका कारणले गर्दा छलफल अन्तरक्रियाको समयसम्म नबसीदिने, सक्षम व्यक्तित्वले नेतृत्व लिन नचाहने जस्ता समस्याहरुले विद्यालय व्यवस्थापन समितिको गठन गर्दा राम्रा व्यक्तिलाई भित्र्याउन नसकिरहेको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त हुनुले विद्यालयमा राम्रा भन्दा हाम्रालाई प्राथमिकता दिएको तथ्य अध्ययनबाट प्राप्त भएको छ । यसरी भोलिका दिनमा विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाइ शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि राम्रा व्यक्तित्वहरु जसलाई शैक्षिक क्षेत्रमा लामो अनुभव रहेको छ, जसले विद्यालयका लागि समय दिएर कार्य गर्न सक्छ त्यस्ता व्यक्तित्वलाई विद्यालय व्यवस्थापन समितिमा भित्र्याउन आवश्यक रहेको तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

### ४.३.३ अभिभावकलाई जनचेतना दिनु पर्ने

छनोटमा परेका ४ वटै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा अभिभावकको धारणा तथा उहाँहरुको चासो के कस्तो रहेको छ भनी स्वयं अभिभावक

एवम् विद्यालयका शिक्षक तथा विद्यार्थीसँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया प्रति अभिभावकको धारणा प्रभावकारी हुन नसकेको, उहाँहरुलाई छलफल तथा अन्तरक्रियामा बोलाउन उपस्थित हुन नसकेको, व्यवस्थापन समितिको गठन गर्नका लागि अभिभावक भेला गराउँदा पनि उल्लेख्य उपस्थित हुन नसकेको  जस्ता समस्याहरु विद्यालयमा रहेको पाइयो । विद्यालयमा शिक्षकहरुले राम्रोसँग पढाए त भै हाल्यो नी किन चाहियो र समिति भन्ने धारणा समेत अभिभावकमा रहेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । भोलिका दिनमा स्थानीय अभिभावकहरुलाई जनचेतना जगाएर उहाँहरुलाई विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य अधिकार तथा व्यवस्थापन समितिले विद्यालयको शैक्षिक गुणस्तरमा पार्ने प्रभाव जस्ता कुराहरुमा सचेत गराउन सकेका खण्डमा जनसहभागिता वृद्धि हुनुका साथै राम्रो व्यक्तित्वलाई व्यवस्थापन समिति भित्र भित्र्याउनु पर्दछ भन्ने धारणा अभिभावकमा वृद्धि भई सक्षम व्यक्तित्वले नेतृत्व लिन सक्ने तथ्य अध्ययनका क्रममा प्राप्त भएको छ ।

### ४.३.४ शिक्षक, कर्मचारी तथा अभिावक बिचमा बिचमा सुमधुर सम्बन्ध

विद्यालयका लागि व्यवस्थापन समिति गठन गर्दा कस्ता व्यक्तित्वको आवश्यक छ, के कसरी विद्यालय व्यवस्थापन समितिको गठन गर्ने भन्ने जस्ता कुराहरुमा पहिला नै गहन विचार विमर्श एवम् छलफल तथा अन्तरक्रिया हुनु आवश्यक छ । सोही अनुसार योजना बनाएर काम गर्दा गठन प्रक्रिया सफल हुन सक्दछ । छलफल तथा अन्तरक्रियालाई प्रभावकारी बनाउनका लागि विद्यालयमा कार्यरत शिक्षक शिक्षक, शिक्षक कर्मचारी, अभिभावक एवम् प्र.अ. बिचमा सुमधुर सम्बन्ध रहनु आवश्यक रहन्छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयमा शिक्षक, अभिभावक तथा प्र.अ बिचमा सुमधुर सम्बन्धको अभावक रहँदा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा समेत असहजता भएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । छनोटमा

परेको एकवटा विद्यालयमा शिक्षक शिक्षक बिचमा सुमधुर सम्बन्ध अभाव रहेकै कारण व्यवस्थापन समितिको गठन प्रक्रियामा शिक्षक प्रतिनिधि छनोट गर्दा निर्वाचान प्रक्रियालाई समेत अवलम्बन गर्नु परेको पाइयो । एल्टन मायो र पार्कर फलेटको मानव व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर तयारगरिएको प्रस्तुत शोधकार्यको तेस्रो उद्देश्यलाई विश्लेषण भोलिका दिनमा प्रभावकारी ढंगबाट विद्यालय व्यवस्थापन समितिको गठन गरी विद्यालयको शैक्षिक गुणस्तरलाई थप प्रभावकारी बनाउनका लागि छलफल तथा अन्तरक्रियालाई प्रभावकारी बनाउनु आवश्यक रहेको भन्ने उत्तरहरु छनोटमा परेका विद्यालयहरु मध्ये ४ वटै विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकबाट जानकारी प्राप्त भएको छ । त्यसैगरी सचेत अभिभावकको अभावका कारण विद्यालयमा के कस्तो नेतृत्वको अवाश्यक छ भन्ने जानकारी नभएका कारण विद्यालयका छलफल तथा अन्तरक्रियाका लागि अभिभावक भेला गराउँदा समेत उपस्थित नहुने जस्ता समस्याहरु रहेकोले भोलिका दिनमा अभिावकलाई सचेत गराउनु पर्ने अध्ययनका क्रममा तथ्य प्राप्त भएको छ । शिक्षक तथा कर्मचारी बिचमा सुमधुर सम्बन्ध कायम हुनु पनि आवश्यक रहेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

वर्तमान विद्यालय व्यवस्थापन गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा अध्ययन कार्यकलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि संकलित तथ्यांकको उचित तवरबाट व्याख्या एवम् विश्लेषण गरी विश्लेषण गरिएका तथ्यांकहरुको प्राप्तिकाको सारांशका आधारमा निकर्ष प्रस्तुत गर्नुका साथै नीतिगत तह, अनुसन्धान तह र कार्यान्वयनका तहका लागि सुझाव प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

कुनै पनि विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गर्नु आवशयक रहन्छ । विद्यालय व्यवस्थापन समिति भनेको विद्यालय हाँक्ने मेरुदण्डका रुपमा समेत लिने गरेको पाइन्छ । विद्यालयको शैक्षिक व्यवस्थापन, भौतिक व्यवस्थापन तथा अन्य पक्षमा व्यवस्थापन समितिको नै अग्रणी भूमिका रहने गर्दछ । विद्यालय विद्यालय व्यवस्थापन समति गठन प्रभावकारी हुन सकेन र सफल व्यक्तित्वले नेतृत्व लिन सकेन उक्त विद्यालयको शैक्षिक गुणस्त पनि प्रभावकारी हुन सक्दैन भन्ने करालाई दृष्टिगत गर्दै वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव शीर्षका प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव शीर्षका तयार गरिएको प्रस्तुत शोधपत्रमा विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाको वर्तमान अवस्था पहिचान गर्नु,

विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभावकारिताको बिश्लेषण गर्नु, शैक्षिक गुणस्तरका निम्ति विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ । अध्ययन तथा अनुसन्धानका क्रममा गुणात्मक ढाँचामा आधारित भएर विवरणात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ । छनोटमा परेको अध्ययन स्थलमा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतलाई आधार मानिएको छ। विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्न र विद्यालय व्यवस्थापनले शैक्षिक गुणस्तरमा पारेको प्रभावको बारेमा जानकारी प्राप्त गर्न अध्ययन अनुसन्धान गरी प्राप्त तथ्ययाई गुणात्मक ढाँचा अनुसार विवरणात्मक शैलीलाई अपनाएर प्राप्त तथ्यको व्याख्या एवम् विश्लेषण गरिएको छ।

त्यसैगरी एल्टन मायो र पार्कर फलेटको सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्र तयारीका क्रममा चितवन जिल्ला भरतपुर महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय मध्येबाट ४ वटा विद्यालयहरुलाई आधार बनाइएको छ । जसमध्ये श्री आदिकवि भानुभक्त मा.वि., श्री मा.वि. कैलाशनगर, श्री श्रीपुर मा.वि. र श्री लक्ष्मी मा.वि. लंकुलाई उद्देश्यपूर्ण विधिका आधारमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा शिक्षक २।२ का दरले ८ जना, प्र.अ. १।१ का दरले ४ जना, अभिभावक २।२ का दरले ८ जना, वि.नि. १ जना, विद्यार्थी ५।५ का दरले २० जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

विद्यालयमा नयाँ शिक्षा नियमावली विद्यालय समितिको गठन गर्दा छलफल अन्तरक्रियात्मक कार्यक्रम के कस्तो रहेको थियो, अभिभावकलाई के कसरी भेला जम्मा गर्नु भएको थियो, स्थानीय शिक्षा प्रेमी बुद्धिजिवीलाई के कसरी छलफल तथा

अन्तरक्रियामा समावेश गराइएको थियो भन्ने सन्दर्भमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर विद्यालय प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार व्यवस्थापन समितिको गठन के कसरी गर्ने अभिभावक भेला के कसरी गर्ने भन्ने जस्ता कुराहरुमा विद्यालय वरपर रहेका बुद्धिजिवी, चन्दा दतालाई भेला जम्मा गराई उहाँहरुको राय सल्लाह बुझ्ने कार्य गरिएको भन्ने उत्तरहरु अध्ययनका क्रममा छनोटमा परेका २ वटा विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी अभिभावक भेलाका लागि चिठिकाटेर बैठकमा बोलाइएको र उहाँहरुसँग छलफल तथा अन्तरक्रिया पश्चात सबैलाई पायक पर्ने दिन तोकेर विद्यालय व्यवस्थापन समितिको गठन गर्ने अनौपचारिक निर्णय गरी सोही अनुसार भेलाभएको अभिभावक भेला मार्फत स्थानी बुद्धिजी, चन्दा दाता महानुभावबाट १ महिला सहित २ जना, अभिभावक मध्येबाट ४ जना, वडा अध्यक्ष १ जना, प्र.अ. १ जना सहित ८ सदस्यी समिति गठन भएको र शिक्षकहरुको स्टाफ मिटिंग तथा, शिक्षक निर्वाचनको प्रक्रियाबाट सबै विद्यालयले १ जना शिक्षक प्रतिनिधिको छनोट गरी ९ सदस्यीय व्यवस्थापन समितिको गठन गरेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले विद्यालयको शैक्षिक गुणस्तरमा सुधार भएको तथ्य अध्ययनबाट प्राप्त भएको छ । त्यसैगरी विद्यालयमा विद्यालयमा शिक्षक विद्यार्थी तथा अभिभावक बिचमा छलफल तथा अन्तरक्रियाको माध्यमबाट शैक्षिक गुणस्तर सुधारका लागि के कस्ता समस्याहरु रहेका छन्, शिक्षकले के कसरी अध्यापन गर्नु आवश्यक छ भन्ने बारेमा तथ्य पहिचान गर्दा शिक्षकहरुमा पनि काम प्रति उत्प्रेरणा जागरुक भई शैक्षिक गुणस्तर सुधार भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको छ । विद्यालयमा विद्यार्थीलाई घोकाउने र कण्ठ गराउने तवरबाट नभई उनीहरुका भावना अनुसार अध्यापन गर्न

आवश्यक छ भन्ने तर्फ वर्तमान विद्यालय व्यवस्थापन समिति प्रयासरत रहेको भन्ने उत्तरहरु छनोटमा परेका ३ वटा विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई थप प्रभावकारी बनाउन आवश्यक रहेको पाइयो । जसका लागि छलफल तथा अन्तरक्रियालाई प्रभावकारी बनाउनु पर्ने, विद्यालयमा स्थानीय व्यक्तित्वहरुलाइ सम्मान तथा प्रोत्साहन गर्नु पर्ने, अभिभावकमा जनचेतना जगाउने जस्ता विविध क्रियाकलापका माध्यमबाट अभिभावक तथा स्थानीय व्यक्तित्वहरुलाई विद्यालयप्रति अपनत्वको भावना सृजना गर्न सकेका खण्डमा भोलिका दिनमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया थप प्रभावकारी हुनुका साथै विद्यालय व्यवस्थापन समितिमा सक्षम व्यक्तित्व भित्रिन पुगि विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा समेत थप सहयोग पुग्नसक्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सुझावहरु

यस शोधपत्रको अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित ब्यक्तिहरुको राय तथा समस्याको समाधान सम्वन्धि सुझाबहरुलाई समेत आधार मानि विद्यालयमा विद्यालय समतिकिो गठन प्रक्रियालाई प्रभावकारी बनाइ विद्यालयको शैक्षिक गुणस्तरका लागि निन्मानुसार सुझाब प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति निर्माण तह

विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गर्दा शिक्षा नियमावली अनुसार गठन गरिएको भए पनि राजनीतिक अवस्था, नातावाद जस्ता कुराहरुले गठन प्रक्रियामा प्रभावा पारेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएकोले भोलिका दिनमा विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गर्दा समितिमा बसेर कार्यगर्न चाहने जो कोही व्यक्तिहरुलाई उनीहरु विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा रहेर काम गर्न योग्य छन् या छैनन भन्ने सन्दर्भमा शिक्षा शाखाबाट परीक्षा लिने र योग्य

व्यक्तिलाई मात्र कार्यभार सम्हाल्न दिने नीति शिक्षायोजनाबाट नै तय हुन सकेका खण्डमा सक्षम व्यक्तिबाट विद्यालय व्यवस्थापन समितिको गठन हुन पुगी शैक्षिक गुणस्तर सुधारमा थप सहयोग पुग्ने देखिन्छ । विद्यालयको व्यवस्थापन समितिमा कार्यरत व्यक्तित्वको न्यूनतम शैक्षिक योग्यता तथा शिक्षा क्षत्रमा हुनुपर्ने न्यूनतम अनुभव समेत तोकिन सकेको खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

### ५.२ .१ कार्यान्वयन तह

कुनै पनि कुराको नीति निर्माण मात्र तय हुँदैमा त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेन भने बनेका नीति नियमको कुनै पनि अर्थ रहँदैन , छनोटमा परेका विद्यलायमा कार्यान्वयन पक्षबाट गठित व्यवस्थापान समितिले प्रभावकारी ढंगबाट काम गर्न सकेको छ कि छैन, व्यवस्थापन समितिको गठन प्रक्रियाबाट सक्षम व्यक्तिले व्यवस्थापन समितिमा नेतृत्व सम्हाल्ने अवसर पाए वा पाएनन् भन्ने सन्दर्भमा शिक्षा शाखाबाट निरीक्षण एवम् अनुगमन हुन सकेका खण्डमा भोलिका दिनमा विद्यालय व्यवस्थापन समितिको प्रभावकारी ढंगबाट गठन हुन पुगी शैक्षिक गुणस्तर सुधारमा थप सहयोग पुग्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

प्रस्तुत शोधपत्रसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही पनि अध्ययन अनुसन्धानकर्ताले विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा शिक्षा शाखाको भूमिका, अभिभावकको धारणाले विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा पारेको प्रभाव, विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा खेलेको भूमिका जस्ता शीर्षकहरुमा गहनरुपमा अध्ययन अनुसन्धान गर्न सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, विनोद कुमार (२०६४), *संस्थागत तथा सामुदायिक विद्यालयको तुलनात्मक* अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस चितवन ।

अधिकारी, विष्णुप्रसाद (२०६२), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्र बहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : क्षितिज प्रकाशन ।

*गुरुकुल सन्देश, (२०६९),* काठमाडौं : शिक्षा विभाग ।

गौतम, सुर्यप्रसाद र बलराम देवकुमा (२०६०), *शिक्षक अध्यापन अनुमति पत्र दिग्दर्शन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टोर्श ।

*थापा, एन.पि (२०६४), विद्यालय निरिक्षक परीक्षा दर्पण,* बौद्धिक मञ्च ।

थापा, कृष्ण (२०७३), विद्यालय व्यवस्थापन समिति भंग पछिका भ्रम र अपेक्षा, https://www.edukhabar.com, reterived in 19th July, 2019.

ढुंगाना, हरिभक्त (२०७५), विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया र शिक्षामा यसको प्रभाव, www.haribhaktabolgpost.com, reterived in 19th July, 2019.

नेपालको संविधान (२०७२), http://www.lawcommission.gov.np/np, reterived in 19th March, 2019.

पण्डित, दिननाथ (२०५४४), *माध्यमिक विद्यालय व्यवस्थापन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, दुर्गा प्रसाद(२०६४), *जनसंख्या विषयमा शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धि बिचको सम्बन्ध,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

मिश्र, सुर्य, (२०७३), *विद्यालयमा शैक्षिक व्यवस्थापन किन र के का लागि,* www.setopati.com.np., retrived in 29th January 2017.

मिश्र, नारायण (१९९३),*विद्यालयमा शैक्षिक व्यवस्थापन,* (www.Ekantipur.com.np, Retrieved in Second January 2017.

मिया, खुर्साद, *(२०७३),* शैक्षिक व्यवस्थापनको परिचय र महत्व, www.khursadmiya.blogpost. com. retrived in Second January 2017.

लोहनी, आनन्द, (२००१), *शैक्षिक सुधारका लागि छात्रवृत्ति, अर्नाचल : अभिनव बुक्स पब्लिकेशन ।*

शर्मा, जयकृष्ण (२०६२), *सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवालाहरुको सहभागिता एक तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर ।

शर्मा, कुवेरनाथ (२०६१), *शिक्षणशास्त्र,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौ : पिनाकल पब्लिकेशन ।

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

## अनुसूची – १

विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

नाम : लिङ्ग :

उमेर : शैक्षिक योग्यता :

१) तपाईको विद्यालयमा वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन के कसरी भएको थियो ?

..........................................................................................

२) वर्तमान नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन हुन सकेको छ कि छैन ?

..........................................................................................

३) विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शिक्षामा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................

३) तपाईंको विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिका लागि के कस्ता कार्यक्रमहरु ल्याइएका छन् ?

..........................................................................................

४) विद्यालयको, भौतिक, शैक्षिक, सरसफाई जस्ता कुराहरुको व्यवस्थापन के कसरी गर्ने गर्नु भएको छ ?

..........................................................................................

५) यहाँको विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा के कस्ता समस्या रहेका छन् ?

..........................................................................................

६) के कस्ता क्रियाकलाप हुन सकेका खण्डमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिएला ?

## विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

### अनुसूची – २

### विद्यालय निरिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नाम : लिङ्ग :

उमेर :

१) विद्यालयमा वर्तमान विद्यालय व्यवस्थापन समितिको गठन के कसरी भएको थियो ?

........................................................................................

२) वर्तमान नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन हुन सकेको छ कि छैन ?

........................................................................................

३) विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियाले शिक्षामा के कस्तो प्रभाव पारेको छ ?

....................................................................................................

३) गठित विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तर सुधारका लागि के कस्ता कार्यक्रमहरु ल्याएका छन् ?

..........................................................................................................

४) विद्यालयको, भौतिक, शैक्षिक, सरसफाई जस्ता कुराहरुको व्यवस्थापन के कसरी गर्ने गर्नु भएको छ ?

...................................................................................................................

५) विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा के कस्ता समस्या रहेका छन् ?

....................................................................................................

६) के कस्ता क्रियाकलाप हुन सकेका खण्डमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिएला ?

## विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

## अनुसूची -३

### प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

प्र.अ. को नाम :- उमेर :-

अनुभव :- योग्यता :-

विद्यालयको नाम :-

१) तपाई यस विद्यालयमा प्र.अ. हुनुभएको कति वर्ष भयो ?

.........................................................................................................

२) विद्यालय व्यवस्थापन समितिको गठन गर्दा के कस्ता समस्याहरु देखा परेका थिए ?

............................................................................................................

३) विद्यालय व्यवस्थापन समितिको गठन गर्दा सर्वसम्मत रुपबाट भयो कि निर्वाचन प्रक्रियालाई अवलम्बन गर्नु पर्‍यो ?

............................................................................................................

४) विद्यालय व्यवस्थापन समितिको गठनमा शिक्षा शाखाको भूमिका के कस्तो रह्यो ?

...........................................................................................................

६) गठित विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेको छ ?

.............................................................................................................

७) भोलिका दिनमा विद्यालयमा प्रभावकारी ढंगबाट व्यवस्थापन समितिको गठन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु के के हुन सक्छन् ?

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

## अनुसूची – ४

### विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

विद्यार्थीको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

उमेर :- कक्षा :-

१) तिम्रो नाम के हो ?

...........................................................................................

२) तिम्रो विद्यालयमा विद्यालय समितिको गठन प्रक्रिया के कसरी भयो ?

....................................................................................................

३) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा विद्यार्थीको संलग्नता भयो कि भएन ?

...................................................................................................

४) विद्यालयमा व्यवस्थापन समितिको गठन गर्दा के कस्ता समस्याहरु सृजना भएका थिए?

....................................................................................................

५) गठन प्रक्रिया प्रभावकारी भएको छ ?

...................................................................................................

६) भोलिका दिनमा के कसरी विद्यालय व्यवस्थान समितिको गठन गर्न सकेमा थप प्रभावकारी रहला ?

...................................................................................................

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

## अनुसूची – ५

### शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

१) तपाई यस विद्यालयमा अध्यापन गर्दै आउनु भएको कति समय भयो ?

.........................................................................................................

२) विद्यालय व्यवस्थापन समितिको गठन गर्दा के कस्ता समस्याहरु देखा परेका थिए ?

.........................................................................................................

३) विद्यालय व्यवस्थापन समितिको गठन गर्दा सर्वसम्मत रुपबाट भयो कि निर्वाचन प्रक्रियालाई अवलम्बन गर्नु पर्‍यो ?

.........................................................................................................

४) विद्यालयमा शिक्षक प्रतिनिधिको गठन प्रक्रिया प्रभावकारी हुन सक्यो या सकेन ?

.........................................................................................................

५) यदि सकेन भने नसक्नुका कारण के के हुन सक्छन् ?

.............................................................................

६) गठित विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेको छ ?

.........................................................................................................

७) भोलिका दिनमा विद्यालयमा प्रभावकारी ढंगबाट व्यवस्थापन समितिको गठन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु के के हुन सक्छन् ?

## विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

अनुसूची – ६

### अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

१) तपाईका बाबु नानी कति कति कक्षामा पढ्छन् ?

.............................................................................................................

२) विद्यालयमा के कसरी विद्यालय व्यवस्थापन समितिको गठन भएको थियो ?

................................................................................................................

३) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा यहाँको संलग्नता भयो कि भएन ?

................................................................................................................

४) विद्यालयमा शिक्षक प्रतिनिधिको गठन प्रक्रिया प्रभावकारी हुन सक्यो या सकेन ?

...............................................................................................................

५) यदि सकेन भने नसक्नुका कारण के के हुन सक्छन् ?

................................................................................

६) गठित विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पारेको छ ?

.................................................................................................................

७) भोलिका दिनमा विद्यालयमा प्रभावकारी ढंगबाट व्यवस्थापन समितिको गठन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु के के हुन सक्छन् ?

# विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियाले शैक्षिक गुणस्तरमा पारेको प्रभाव

## अनुसूची – ७

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम :- ठेगाना :-

विद्यालयको नाम :- लिङ्ग:-

१) तपाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनु भएको कति समय भयो ?

...........................................................................................................

२) विद्यालय व्यवस्थापन सममितिको गठन प्रक्रिया के कसरी गरिएको थियो ?

..............................................................................................................

३) गठित विद्यालय व्यवस्थापन समिति प्रभावकारी रहेको छ ?

..............................................................................................................

४) विद्यालय व्यवस्थापन समितिका अन्य सदस्यहरुको विद्यालयको शैक्षिक गतिविधिमा के कस्तो योगदान रहेको छ ?

.............................................................................................................

५) विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा के कस्ता समस्या आइ परेका थिए ?

.............................................................................................................

६) विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रभावकारी बनाउने उपाय के के हुन सक्छन् ?